# कार्यक्रमको बारेमा

| | | |
|---|---|---|
| **शिर्षक** | : 'ग्लोबल एनआरएन सिङ्गीङ आईडल-२०२१, सेकेण्ड जेनेरेशन' Season-1 | |
| **कार्यक्रमको लक्ष्य** | : नेपाली कला संस्कृति संरक्षण र पहिचान ।<br>एनआरएनए दोस्रो पुस्ताको अभियान ॥ | |
| **भाषा** | : शुद्ध नेपाली | |
| **सहभागि राष्ट्र** | : एनआरएनए भएको सबै राष्ट्रबाट | |
| **प्रतियोगीको उमेर** | : बढिमा ४० वर्ष | |
| **आयोजक** | : राज रेग्मी | - एनआरएनए मध्यपूर्व युवा संयोजक (मध्यपूर्व युवा विभाग) |
| **प्रमुख सल्लाहकार** | : कुमार पन्त | - अध्यक्ष एनआरएनए |
| **प्रमुख सहयोगी** | : प्रवीण गुरुङ्ग | - एनआरएनए मध्यपूर्व संयोजक |
| **निर्णायक मण्डल** | : उदय सोताङ्ग | - आधुनिक |
| | : सुनिता दुलाल | - लोक |
| | : विजय लामा | - पप |
| | : प्राश्ना शाक्य | - आधुनिक |
| **उद्घोषक** | : विवेक खतिवडा | |

## सहभागिता:

सार्क मुलुक बाहेकका गैर आवासीय नेपाली संघ गठन भएका सबै राष्ट्रबाट प्रतियोगिहरुलाई सहभागिता गराईने छ । विश्वभरका ६ वटा क्षेत्रीय समितिहरुबाट सहभागिता रहनेछ, प्रत्येक क्षेत्रीय समितीबाट कम्तीमा १२ जना प्रतियोगीहरु सहभागी हुन पाउनेछन् भने उपलब्ध भए सम्म समितिले अधिकतम प्रतियोगीहरुलाई सहभागी गराउन सक्नेछ ।

## प्रतियोगी छनौट प्रकृया:

**क. डिजिटल राउण्ड :**

- ✓ प्रत्येक प्रतियोगीहरुले बढिमा ३ मिनेट सम्मको सफा र प्रष्ट अडिसन भिडियो आ-आफ्नो राष्ट्रिय समन्वय परिषद्लाई पठाउनु पर्नेछ ।
- ✓ प्रत्येक राष्ट्रिय समन्वय परिषद्ले उक्त भिडियो हेरेर क्षेत्रीय समितिलाई छनौटको लागि पठाउने छ र प्रत्येक क्षेत्रीय समितिले छनौट भएको भिडियो क्लीप आयोजक कमिटीको इमेल ठेगाना rycmiddleeast@nrna.org र rcmiddleeast@nrna.org मा अन्तिम मिति ३० अप्रील २०२१ सम्ममा पठाउनु पर्ने छ ।
- ✓ प्रत्येक क्षेत्रीय समीतिले कम्तीमा १२ जना प्रतियोगी पठाउनु पर्ने र उपलब्ध भए सम्म समितिले अधिकतम प्रतियोगीहरुलाई सहभागी गराउन सक्नेछ ।
- ✓ आयोजक कमिटीले प्राप्त प्रतियोगिहरुको भिडियो क्लीपलाई निर्णायक मण्डललाई पठाउने छ ।
- ✓ डिजिटल अडिसनको भिडियोलाई निर्णायक मण्डलले मुल्याङ्कन गर्दै पहिलो चरणमा प्राप्त प्रतियोगि मध्येबाट ५० जना प्रतियोगीहरुलाई मात्र छनौट गरी ओपनीङ्ग राउण्डमा लैजाने छ ।
- ✓ छनौंट भएका ५० जना प्रतियोगीहरुको नामावली ५ मे अप्रिल २०२१ मा प्रकाशन गरी आयोजक समतिले प्रत्येक क्षेत्रीय समीतिहरुलाई जानकारी गराउनेछ । साथै आयेजकले प्रेस नोट जारी गरी प्रत्येक सञ्चार गृहमा सम्प्रेषण गर्ने छ ।

Global NRN Singing Idol 2021

## ख. ओपनीङ्ग राउण्ड

- ✓ ओपनीङ्ग राउण्डलाई ३ चरणमा बाँडिने छ ।

  क. अन्तरा

  ख. सारेगम

  ग. पियानो

**अन्तरा राउण्ड :**

- ✓ यस राउण्डमा डिजिटल राउण्डबाट छनौंट भएर आएका ५० जना प्रतियोगीहरुले प्रवेश पाउने छन् भने यस राउण्डमा थप एक-एक गितको प्रस्तुती दिए पश्चात यस अन्तरा राउण्डबाट १० जना प्रतियोगीहरु बाहिरीनेछन् । बाँकी ४० जना प्रतियोगिहरुले ओपनीङ्गको सारेगम राउण्डमा प्रवेश भने पाउनेछन् ।

**सारेगम राउण्ड :**

- ✓ यस राउण्डमा अन्तरा राउण्डबाट छनौंट भएर आएका ४० जना प्रतियोगीहरुले प्रवेश पाउने छन् भने यस राउण्डमा थप एक-एक गितको प्रस्तुती दिए पश्चात यस सारेगम राउण्डबाट १० जना प्रतियोगीहरु बाहिरीनेछन् । बाँकी ३० जना प्रतियोगिहरुले पियानो राउण्डमा प्रवेश पाउनेछन् ।

**पियानो राउण्ड :**

- ✓ यस राउण्डमा प्रवेश पाएका ३० जनाले स्वतः गाला राउण्डमा प्रवेश पाउनेछन् ।

**(स्थान, समय र मिति : भर्चुअल, १४ मे २०२१, नेपाली समय विहान ११ बजे)**

***नोटः निर्णायक मण्डलले प्रत्येक राउण्डमा ५ मे २०२१ देखि प्राप्त सार्वजनिक पपुलर मतलाई ४० प्रतिशत आधार मान्दै ६० प्रतिशत निर्णयाधिकार मात्र प्रयोग गर्न पाउनेछन् ।***

## ग. गाला राउण्ड

- ✓ गाला राउण्डलाई ३ चरणमा बाँडिने छ ।

  क. प्रथम राउण्ड

  ख. दोस्रो राउण्ड

  ग. तेस्रो राउण्ड

**प्रथम गाला राउण्ड :**

- ✓ यस राउण्डमा प्रवेश गरेका ३० जना प्रतियोगी मध्ये प्रथम गाला राउण्डबाट ५ जना प्रतियोगिहरु बाहिरीने छन् भने बाँकी २५ जना प्रतियोगी दोस्रो गाला राउण्डमा प्रवेश पाउनेछन् ।

**दोस्रो गाला राउण्ड :**

- ✓ यस राउण्डमा प्रवेश गरेका २५ जना प्रतियोगी मध्ये दोस्रो गाला राउण्डबाट ५ जना प्रतियोगिहरु बाहिरीने छन् भने बाँकी २० जना प्रतियोगी तेस्रो गाला राउण्डमा प्रवेश पाउनेछन् ।

**तेस्रो गाला राउण्ड :**

- ✓ यस राउण्डमा प्रवेश गरेका २० जना प्रतियोगी मध्ये तेस्रो गाला राउण्डबाट ५ जना प्रतियोगिहरु बाहिरीने छन् भने बाँकी १५ जना प्रतियोगी ग्राण्ड फिनालेमा प्रवेश पाउनेछन् ।

**(स्थान, समय र मिति : भर्चुअल, १५ मे २०२१, नेपाली समय विहान ११ बजे)**

***नोटः निर्णायक मण्डलले प्रत्येक राउण्डमा १४ मे २०२१ रातको १० बजे देखि १५ मे २०२१ विहान १० सम्म प्राप्त सार्वजनिक मतलाई ४० प्रतिशत आधार मान्दै ६० प्रतिशत निर्णयाधिकार मात्र प्रयोग गर्न पाउनेछन् ।***

Global NRN Singing Idol 2021

**घ. ग्राण्ड फिनाले**

- ✓ ग्राण्ड फिनाले राउण्डलाई ३ चरणमा विभाजित गरीने छ ।
- ✓ जसमा फाईनल राउण्डको अन्तिम चरणबाट ग्राण्ड फिनालेमा प्रवेश पाएका १५ जना मध्ये पहिलो चरणबाट ५ जना प्रतियोगीहरु बाहिरीने छन् भने । दोस्रो चरणमा प्रवेश पाएका १० जना मध्ये थप ५ जना दोस्रो चरणबाट बाहिरीने छन् ।
- ✓ ग्राण्ड फिनालेको दोस्रो चरणबाट अन्तिम चरणमा प्रवेश गरेका ५ जना प्रतियोगिहरुलाई क्रमशः पाँचौ, चौथो, तेस्रो, दोस्रो र पहिलो गरी निर्णायक मत उद्घोष गरी विजेता घोषणा गरीने छ ।

**(स्थान, समय र मिति : भर्चुअल, २१ मे २०२१, नेपाली समय विहान ११ बजे)**

***नोटः निर्णायक मण्डलले प्रत्येक राउण्डमा १५ मे २०२१ रातको १० बजे देखि २१ मे २०२१ विहान १० सम्म प्राप्त सार्वजनिक मतलाई ४० प्रतिशत आधार मान्दै ६० प्रतिशत निर्णयाधिकार मात्र प्रयोग गर्न पाउनेछन् ।***

## पुरस्कार :

- प्रथम : सात लाख नेपाली रुपैंया
- दोस्रो : चार लाख नेपाली रुपैंया
- तेस्रो : दुई लाख नेपाली रुपैंया
- चौथो : एक लाख नेपाली रुपैंया
- पाँचौं : पचास हजार नेपाली रुपैँया
- ग्राण्ड फिनालेमा प्रवेश पाउने ५ जना प्रतियोगीहरुलाई गिती एल्बममा गित गाउने अवसर दिईने छ ।

## डिजिटल अडिसनको लागि सहभागिहरुले पालना गर्नुपर्ने नियमहरुः

- ❖ गित अनुसारको नेपाली पहिचान हुने पोषाक सहितको भिडियो क्लीप rycmiddleeast@nrna.org र rcmiddleeast@nrna.org मा पठाउनु पर्ने छ ।
- ❖ डिजिटल अडिसन राउण्डको लागि अधिक्तम ३ मिनेटको भिडियो क्लीप हुनु पर्नेछ ।
- ❖ डिजिटल अडिसन राउण्डको भिडियो क्लीप बनाउँदा बाद्धयवादन उपयोग गरेर वा नगरेर पनि सकीने छ तर म्यूजिकल ट्र्याक प्रयोग गर्न पाईने छैन ।
- ❖ डिजिटल अडिसन राउण्डको भिडियो क्लीप सम्पादन नगरीएको सफा र प्रष्ट हुनुपर्नेछ ।
- ❖ गित नेपाली भाषामा हुनु पर्नेछ ।
- ❖ गितहरु लोक, आधुनिक, पप र सेमी फल्क हुनुपर्नेछ ।
- ❖ ३ मिनेटको भिडियो क्लीपमा कम्तिमा १ स्थाई र १ अन्तरा हुनुपर्ने छ ।
- ❖ शुद्ध र प्रष्टरुपमा नेपाली भाषा उच्चारण भएको गित हुनुपर्नेछ ।
- ❖ प्रतियोगीले गित गाउनु भन्दा पहिले आफ्नो नाम, आफु रहेको राष्ट्रको नाम, गितको बोल, गितको ओरिजीनल कम्पोजर, लिरिक्स, गायक-गायीकाको नाम भन्नु पर्नेछ ।

- **समाप्त** -

Global NRN Singing Idol 2021